# दोर्दी-१ जलविद्युत खबर



सुरुङ्गको निर्माण कार्य हुदैं

वैशाख २०७५, अंक १७

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडले बैशाख ६, २०७५ मा माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेड सँग आयोजनाको पावरहाउस, स्वीचयार्ड र पेनस्टकको सिभिल निर्माण कार्यका लागि सम्झौता गरेको छ । सुरुङ्ग निर्माणको लागि चैत्र १८ गते पहिलो Blasting कार्य सुरु गरिएको थियो । यस आयोजनाको कुल ३२०० मिटर लामो जलमार्ग मध्ये २५५० मिटर सुरुङ्ग रहेको छ ।

उक्त सुरुङ्गको Inlet तर्फ Portal निर्माण कार्य सम्पन्न गरी विष्फोटन कार्य सुरु गरिएको हो भने Outlet तर्फ भने Portal निर्माण कार्य चलिरहेको छ । हाल दैनिक १ देखि २ विष्फोटन भइरहेको छ र प्रतिदिन सरदर १-२ मिटरले सुरुङ्ग निर्माण भइरहेको छ । हालसम्म कुल ५० मिटरको सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको छ ।



Crusher Plant



Tunnel Outlet

Drilling and Blasting प्रक्रियाबाट निर्माण हुने उक्त सुरुङ्गको Inlet र Outlet दुवै तर्फबाट विष्फोटन सुरु भएपछि दैनिक ३ देखि ४ विष्फोटन हुने छन् भने प्रतिदिन ५-६ मिटरसम्म सुरुङ्ग खन्ने लक्ष्य रहेको छ ।

माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले Head works र सुरुङ्गको सिभिल निर्माणका लागि आफ्नै क्रसर प्लान्ट आयोजना क्षेत्रमा निर्माण गरिसकेको छ । साथै हाईड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यका लागि आर्थिक प्रस्ताव आव्हान गरिएकोमा प्राप्त प्रस्तावहरुको हाल आर्थिक तथा प्राविधिक मुल्याङ्कन भइरहेको छ ।

यस कम्पनीले दोर्दी-१ जलविद्युत आयोजनाको हाइड्रोमेकानिकल निर्माण कार्य गर्नका लागि गरिनुपर्ने ठेक्का सम्झौता यसै आर्थिक वर्ष भित्र गरिसक्ने लक्ष्य लिएको छ ।

दोर्दी -१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइन जोड्नका लागि दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुरमा नेपाल विद्युत प्राधिकरणद्वारा बनाउनुपर्ने सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइरहेको छ । यस आयोजनाले स्थानिय प्रशासन र स्थानिय बासिन्दाहरुबाट आयोजना निर्माण प्रक्रियामा निरन्तर साथ र सहयोग प्राप्त गरिरहेको छ ।




Tunnel Inlet Portal



Overview of Headwork Area



माउन्टेन इन्फ्रा सँग ठेक्का सम्झौता सम्पन्न

**सम्पादक: पार्वती पराजुली**

**दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल :info @dordikhola.com.np**

**वेबसाइट: www.dordikhola.com.np**